## Introduction of Organization

Creative Institute Nepal (CIN) is a local non-profit organization founded on January 8, 1998, in the Rupandehi district. Our primary goal is to empower women by addressing issues such as child marriage, gender-based violence, women's human rights, legal education, and economic empowerment.




Over time, CIN expanded its efforts to prevent violence against women and implemented sustainable livelihood programs. These initiatives aim to ensure the economic, social, and political well-being of women and other marginalized groups, facilitating their access to rights and social justice within their communities. Additionally, CIN is involved in women's sexual reproductive health rights, agro-based livelihood support programs, and environment protection and waste management. These activities contribute to achieving the self-respect of women and Sustainable Development Goals (SDGs) no 1, 4, 5, 6, 8, 10 and 16 by 2030.

## Vision Statement

CIN's vision is to build a society with social justice, gender equality, child rights, social harmony, and prosperity for women, girls and LBTIQA+ people by partnering with Nepal government, local community, national and international society/organizations.

## Goals

- The goal of the CIN is establishing a society with justice, ending of violence against women, girls, and LBTIQA+ and all forms of violence against other marginalized people.
- To establish human rights of women, girls, and LBTIQA+ marginalized community through awareness raising, skill development training, income generating activities (farm and off farm) advocacy campaign and local resource mobilization.





## Objectives

- To help in elimination of all forms of violence and discrimination against women and children, end gender based violence, human trafficking and establish social justice and security.
- To support those children in rehabilitation and reintegration with their family who works, eats, sleeps and lives on the street, who are in crisis and vulnerable at workplace.
- To support in promoting life skill, soft skills for vulnerable and GBV survivors and provide financial support for both agro based and off-farm investments that utilizes the acquired skills to improve women's and marginalized people's incomes.

- To help in promoting and improving access to justice and empower disputants to solve their own problem and establish peace and social harmony at home as well as in community.

- To help in accessing WASH, IGA (income generating activities – farm and off farm) for women and children through training, extension education (agriculture and life stoke), advocacy campaign and basic development of infrastructure intervention.

## Core Programs




## List of Programs CIN has been doing:

- Program and Campaigning to Social Transformation for Gender Equality
- Work for Prevention of Gender based Violence, Domestic Violence and Child Marriage
- Safe Shelter, Health and Education Support for Child Protection
- Women's Economic Empowerment through Income Generating Activities/Skill Trainings (IGA)
- Zero Waste Menstruation, Menstruation Management and Hygiene Kit/Freedom Kit Bags.
- Women's Health: SRHR, Menopause, Psychosocial Support
- Solid Waste Management (SWM) through Women's Leadership Development
- Research, Studies, Capacity Development Training and Advocacy



## संस्थाको परिचय

सिर्जनशील संस्था नेपाल (सीन), महिलाहरुद्वारा सन १९९८, जनवरी ८ मा जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा दर्ता गरी सञ्चालन गरिएको महिलाबादी गैरसरकारी संस्था हो । संस्थाको स्थापना कालदेखि नै स्थानीय स्रोतसाधनको परिचालन तथा समुदाय, व्यक्ति, विभिन्न सामाजिक संघसंस्था र सरकारसँग साझेदारी गर्दै आएको छ । लैंगिक समानताका लागि महिला विरुद्धको हिंसा, न्यायमा महिलाको पहुँच, महिलाहरुको सामुदायिक बैंक, आर्थिक सशक्तिकरण, महिला स्वास्थ्य, यौन तथा प्रजनन् स्वास्थ्य, वातावरणमैत्री धोएर पुन प्रयोग गर्ने महिनावारी सामाग्री, रजोनीवृत्ती, मनोसामाजिक सहयोग तथा विमर्श, बालसंरक्षण र सडक बालबालिकाको लागि बैकल्पिक स्याहार केन्द्रको रुपमा सेवा प्रदान गर्दै आएको छ । सडकमा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार, मनोसामाजिक विमर्श, अनौपचारिक शिक्षा, स्वास्थ्य परिक्षण, ट्रान्जिट होम (अल्पकालिन बालआश्राम) सञ्चालन, उद्धार गरिएका बालबालिकाको परिवारको पहिचान, पारिवारिक परामर्श, बालबालिकाको पुर्नमिलन जस्ता विभिन्न क्रियाक्लाप गर्दै आइरहेको छ ।

## संस्थाको दृष्टीकोणः

नेपाल सरकार, स्थानीय समुदाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरूसँग साझेदारी गरी सामाजिक न्याय, लैङ्गिक समानता, बाल अधिकार, सामाजिक सद्भाव, र महिला, बालिका र लैंङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको समृद्धिसहितको समाज निर्माण गर्न योगदान दिनु यस संस्थाको दृष्टीकोण हो ।

## संस्थाका लक्ष्यहरू

- महिला, बालिकाहरू, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक र अन्य सीमान्तकृत समुदाय विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्दै न्यायसहितको समाज निर्माण गर्नु,
- लैङ्गिक समानाता सम्बन्धी ज्ञान र सम्बेदनशीलता अभिवृद्धि गर्दै रेखदेख तथा पुनरउत्पादकीय कार्यमा पुरुष सहभागिता, सामाजिक रुपान्त्रण, महिलाहरूको आर्थिक सशक्तिकरण र नेतृत्व विकास द्वारा लैङ्गिक समानता भएको संबृद्ध समाजको निर्माण गर्नु,
- अध्यायन, अनुसन्धान, नौलो सीप विकास, क्षमता अभिवृद्धी तालिम, कृषी र गैर कृषीजन्य आय-आर्जन गर्ने गतिविधिहरू मार्फत महिलाहरूको आर्थिक सशक्तिकरण गर्नु,
- वकालत अभियान र स्थानीय स्रोत परिचालन मार्फत महिला, बालिका र लैंङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायको मानव अधिकार स्थापना गर्ने कार्य गर्नु यस संस्थाको लक्ष्य हो ।

## संस्थाका उद्देश्य

- नेपालको कानुनले ब्यवस्था गरेको महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको मानवअधिकार बारे सचेत गराउने उद्देश्यले तालिम, गोष्ठी, बहसपैरवी, नीती तथा कानुनको बिश्लेषण, र हिन्सा प्रभावित व्यक्तिलाई निःशुल्क कानुनी सेवा दिनु ।
- महिलाको नेतृत्व विकास, बालबालिका र महिला मानव अधिकारको संरक्षण र लैंगिक सशक्तिकरणका लागि अनौपचारीक शिक्षा, बालबिबाह, लैंगिक हिंसा बिरुद्धको अभियान र मनोसामाजिक बिमर्श गर्दै सक्षम जनशक्तिको वृद्धी गर्नु ।
- सरकारी तथा गैर सरकारी संघ संस्थाबाट सहयोग लिई तथा स्थानिय श्रोत र साधनको परिचालन गरी कृषि तथा गैर कृषिमा आधारीत आयमुलक तालिम तथा जनचेतना अभिबृद्धी गर्दै नागरिकको जीवन स्तरमा सकरात्मक परिवर्तन ल्याउनु ।
- यौन दुर्व्यबहार, बालबिवाह, घरेलु तथा लैंगिक हिंसाको जोखिममा रहेका तथा यसबाट प्रभाबित सडक बालबालिकाको संरक्षणको लागि मनोसामाजिक बिमर्श, आपतकालिन मानविय सहयोग, अल्पकालिन सेवा तथा पुर्नस्थापना केन्द्र सञ्चालन गर्दै पारिवारिक पुर्नमिलन गराउनु ।
- जलवायु अनुकुलताको लागि सचेतना, फोहरमैला व्यवस्थापन, वृक्षारोपण ,जडिबुटीको प्रवर्द्धन र प्राकृतिक संपदा संरक्षणका कार्यक्रम गर्नु ।
- महिला कृषकहरुलाई उन्नत प्राङगरिक प्रबिधीबारे प्रशिक्षण दिदै कृषि उत्पादनमा वृद्धि ल्याउन आवश्यक सहयोग गर्नु ।
- एच आई भी एडस, यौन रोग, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य अधिकार र जीवन उपयोगी सीप सम्बन्धी अभिमुखीकरण तालिमहरु सञ्चालन तथा मर्यादीत महिनावारी, रजोनीवृती, यौन रोग र मनोसामाजिक समस्याबारे सचेतना कार्यक्रम सञ्चालन गर्नु ।
- अध्यायन, अनुसन्धान, क्षमता अभिबृद्धी तालिम र पैरवी गर्नु ।

# संस्थाले गरेका कार्यक्रम र उपलब्धीहरू

| | |
|---|---|
| सडकबालबालिकाको लागि अल्पकालिन सेवा केन्द्र (पुष्पकुञ्ज) | - १ |
| २०७३ साल देखी २०८० पुससम्म सडक बालबालिकाको उद्धार | - २२४, बालक ..... बालिका ....... |
| २०२२-२०२३ बाल बिबाह बिरुद्ध जागरण कार्यक्रम , तालिम, गोष्ठी) | - २४०९ (किशोरी १३०३, किशोर ७९०, महिला २५७, पुरुष ५९) |

२०२२-२०२३ फ्रिडम किट ब्याग (महिनावारी व्यवस्थापन) तालिम र किट ब्याग - १४५० ( किशोरी २७४, महिला ११७६)

२०२२-२०२३ रजोनीवृति, महिला स्वास्थ्य र मानसिक स्वास्थ्य सम्बन्धी तालिम - ४७० ( महिला ४३४ पुरुष ३६)

२०२३ मा बिभिन्न संस्था र समुहका लागि क्षमता अभिवृद्धी तालिम - २११ ( महिला १८० पुरुष ३१)

२०२३ मा प्राक्टिकल एक्सनको समुन्नती परियोजनाका लागि लैंङ्गिक समानता, सामाजिक समाबेशीकरणमा क्षमता बिकास तालिम - ४२ जना

२०२३ मा लुम्बिनी प्रदेशका सबै मन्त्रालयमा लैंङ्गिक समानता र सामाजिक समाबेशीकरण कार्यान्वयन निति सम्बन्धी तालिम - ५२ जना

२०२३ मा स्थानिय तहका उपप्रमुखहरुको लागि लैंङ्गिक उत्तरदायी बजेट र लैंङ्गिक सवाल सम्बन्धी तालिम - ३६ महिला

२०२३ मा महिलाबादी आन्दोलन सवलिकरण सम्बन्धी तालिम - ३८ महिला

२०२३ मा लैंङ्गिक तथा सामाजिक रुपान्तरित नेतृत्व बिकास तालिम - ४३ महिला

२०२२ मा सीप बिकास तालिम - १४ महिला

२०१६-२०१८ सम्म लैंगिक हिंसा प्रभावित महिलालाई आयआर्जनका लागि सीप विकास तालिम -३२ महिला

१९९८-२००३ सम्म सशक्तिकरण साक्षरता, महिलाहरुको सामुदायिक बैंक, र कानुनी साक्षरता - १२२० महिला

२००२-२००६ सम्म स्कुलको पहुँचबाट बाहिर रहेका बालबालिकाको लागि बालशिक्षा - ३५१ बालबालिका

२०१६- २०२३ मनोसामाजिक सहयोग तथा मनोविमर्श तालिम - ४४८७ ( महिला १९९९, बालिका १६०४, बालक ९३६, यौनिक अल्पसंख्यक १४७, पुरुष २०४)

| **संस्थाको कानुनी हैसियत** | **सम्पर्क ठेगाना:** |
|---|---|
| दर्ता नं.- २९०/०५४ | तिलोत्तमा नगरपालिका -९, तुलसिपुर, सैनिकपथ |
| समाज कल्याण परिषदमा आवद्धता- ८०१५ | रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल। |
| पान/भ्याट- ६०३८२६८२५ | फोन नं. ९८४४५३३०४६१ |
| दर्ता मिति- ८ जनवरी १९९८ (२०५४/०९/२४) | Email: cinbutwal@gmail.com |
| दर्ता स्थान- रुपानदेही जिल्ला प्रशासन कार्यालय | Web: www.cinnepal.org.np , Facebook: cinbutwal |

## हाम्रो अनुरोध !

यदि तपाईले सडकमा कुनै वेवारिसे बालबालिका देख्नुभयो भने उपेक्षा गेरर अगाडी नजानुहोस। ति बालबालिकाको लागि केही मिनेट समय दिनुहोस, र पैसा नलाग्ने नम्बर १०४ वा १०९८ वा सिर्जनशील संस्था नेपालको ९८४४५३३०४६१ मा फोन गरी हामिलाई सुचना दिनुहोस। सुचना दिएर तपाईले सहयोग गरेमा सडकमा बस्न बाध्य भएका बालबालिकाको जिवन सुरक्षित हुनसक्छ।







